# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

काठमाडौं जिल्ला, बागमती प्रदेश, नेपाल


पत्र संख्या: ०७६/०७७
चलानी नं.: १३९८ (प्र.वि.)

मिति :२०७६/१२/१८

श्री सबै वडा कार्यालयहरु,
श्री सबै विभाग/महाशाखाहरु,
काठमाडौं महानगरपालिका ।

विषय : निर्णय पठाइएको वारे ।

प्रस्तुत सम्बन्धमा काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको मिति २०७६/१२/१७ को ४३ औं विशेष वैठकले गरेको निर्णयको प्रमाणित प्रतिलिपि यसैसाथ संलग्न गरी पठाइएको छ । तहाँ वडा/विभाग/महाशाखासँग सम्बन्धित निर्णयहरु कार्यान्वयन गर्न गराउनहुन अनुरोध गरिन्छ ।

२०७६/१२/१८

(नमराज ढकाल)
विभागीय प्रमुख
प्रशासन विभाग


सुन्धारा, काठमाडौं, बागमती प्रदेश, नेपाल । फोन नं.: ४२६८५०६, फ्याक्स: ४२६८५०९
पो.ब.नं.: ८४१६, ईमेल: mayor@kathmandu.gov.np, kmcmayor@mos.com.np, वेभसाइट: www.kathmandu.gov.np

श्री विभागीय प्रमुख,
प्रशासन विभाग
काठमाडौं महानगरपालिका ।

कोरोना भाइरस (COVID-19) संक्रमण रोकथाम र नियन्त्रण सम्बन्धमा काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाले देहाय बमोजिम निर्णय गरेकाले सो बमोजिम कार्यान्वयन हुन अनुरोध गरेकोछु ।

निर्णय नं. १. कोरोना भाइरस (COVID-19) संक्रमण रोकथाम र नियन्त्रण सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो:-

क) हालै विदेश भ्रमण गरी महानगरपालिकामा बस्दै आएका व्यक्तिहरुको विवरण यसैसाथ संलग्न ढाँचा बमोजिमको फाराममा भरी उनीहरुको पछिल्लो अवस्था र महानगरपालिका क्षेत्रभित्र वस्ने असहाय, अति विपन्न र दैनिक ज्यालादारीमा काम गर्ने व्यक्तिहरुको विवरण काठमाडौं महानगरपालिका कोरोना भाइरस  राहत वितरण मापदण्ड, २०७६ मा उल्लेखि गरे बमोजिम संकलन गरी सो को अद्यावधिक विवरण काठमाडौं महानगरपीलका प्रमुखको सचिवालयमा दैनिक रुपमा  पठाउने

ख) कारोना भाइरस संक्रमण र रोकथामको लागि सरकारले घोषणा गरेको लक डाउन (Lock Down) का कारण काठमाडौं महानगरमा वसोबास गर्दै आएका असहाय, अति विपन्न र दैनिक ज्यालादारिमा काम गर्ने व्यक्तिहरुले दैनिक गुजारा गर्न कठिनाई भोगिरहेको सन्दर्भमा ती व्यक्तिहरुलाई तत्काल राहत उपलब्ध गराउन आवश्यक देखिएको र सो राहत वितरणमा एकरुपता, मितव्ययितता र प्रभावकारीता हासिल गर्न "कोरोना भाइरस ( COVID-19) सम्बन्धी राहत वितरण मापदण्ड, २०७६" स्वीकृत गर्ने ।

ग) कारोना भाइरस संक्रमण र रोकथामको लागि सरकारले घोषणा गरेको लक डाउनका कारण अत्यावश्यक खाद्य वस्तुको विक्री वितरण गर्ने पसल, स्टोर सहज रुपमा खोल्न वाधा व्यवधान सृजना भई आपूर्ति व्यवस्था सहज नभइरहेको सन्दर्भमा काठमाडौं महानगरपालिका अन्तर्गतका सबै वडाहरुले  आवश्यकतानुसार सम्बन्धित प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य, राष्ट्रिय स्तरका राजनीतिक दलका स्थानीय प्रतिनिधि र स्थानीय प्रहरीसँग समन्वय गरेर सामाजिक दुरी (Social Distance) कायम गरी आफ्नो वडा अन्तर्गत रहेका ग्यास

तथा अत्यावश्यक खाद्य सामाग्रीको पसल, स्टोर सञ्चालन गर्न लगाई आपूर्ति व्यवस्था सहज बनाउन पहल गर्ने ।

घ) काठमाडौं महानगरपालिका समेत कोरोना भाइरस संक्रमणको उच्च जोखिममा रहेकोले कोरोना भाईरसको संक्रमण फैलन नदिन भाइरसको सम्भावित जोखिममा रहेक व्यक्तिलाई लक्षित गरी तोकिएको मापदण्ड अनुरुपको क्वारेन्टाइन व्यवस्थापन गर्न आवश्यक देखिएकोले काठमाडौ महानगरपालिका अन्तर्गतका सबै वडाहरुले आफ्नो क्षेत्रभित्र क्वारेन्टाइन व्यवस्थापन गर्न सकिने उपयुक्त स्थान, संरचनाहरुको पहिचान गरी सो को विवरण यथाशिघ्र महानगरपालिकाको प्रमुखको सचिवालय वा प्रशासन विभागमा पठाउने । वडाले पठाएको विवरण समेतका आधारमा महानगरपालिकाले आवश्यक ठानेको उपयुक्त स्थानमा सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरी आवश्यक संख्यामा क्वारेन्टाइनको व्यवस्था मिलाउने ।

ङ) कोरोना भइरस संक्रमण रोकथाम र नियन्त्रण सम्बन्धी वडाबाट प्रवाह गर्नुपर्ने सेवासम्बन्धी खरिद कार्यहरु गर्न एवं "कोरोना भाइरस (**COVID-19**) सम्बन्धी राहत वितरण मापदण्ड, २०७६" बमोजिम राहत वितरण कार्यमा खर्च काठमाडौं महानगरपालिकाको स्वीकृत बजेट तथा कार्यक्रमको लेखा संकेत नं. ८६०२०३, महामारी तथा अन्य रोग नियन्त्रण कार्यक्रम शीर्षकबाट साना, मझौला र ठूला वडाहरुलाई क्रमशः रु. २ लाख, रु. ३ लाख र रु.४ लाखका दरले रकम निकासा पठाउने ।

च) काठमाडौं महानगरपालिकाले मिति २०७६।१२।१६ बाट शुरुवात गरेको कोरोना भाईरसको सम्भावित विस्तारलाई निगरानी गरी नियन्त्रण गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले नेपाल रिसर्च एण्ड एडुकेसन नेटवर्क नेतृत्वमा विभिन्न संस्था र विज्ञ समूहबाट विकास गरिएको मोवाइल प्रयोगकर्ता आफैले स्वमूल्यांकन गरी स्वयम् क्वारेन्टाइनमा रहन सुझाव दिने सूचना-प्रविधिमा आधारित कोविड-१९ निगरानी प्रणाली निगरानी प्रणाली **(Nepal Covid-19 Surveillance System)** को व्यापक प्रचार प्रसार एवं उपयोग गर्ने र यस प्रणालीको विकास र सञ्चालन सम्बन्धी काठमाडौं महानगरपालिकाका र नेपाल रिसर्च एण्ड एडुकेसन नेटवर्क बीच भएको सम्झौता अनुमोदन गर्ने ।

छ१) कारेना भइरसको संक्रमण रोकथाम र नियन्त्रण गर्न गरिएको लक डाउनबाट मानव जीवन मात्र है पशुपन्छीको अस्तित्वमापनि गम्भीर जोखिम देखिएको छ । महानगरमा

सामुदायिक कुकुर, गाईबाच्छ, बाँदर, परेवा लगायतका पशुपन्छीले दाना पानी नपाएर भोकभोकै मर्ने अवस्था देखिएको हुँदा पशुपन्छीको बाँच्न पाउने अधिकारलाई सम्मान गर्दै वडामा निकासा हुने लेखा संकेत नं. ८६०२०३, महामारी तथा अन्य रोग नियन्त्रण कार्यक्रम शीर्षकबाट खर्च गर्ने गरी सबै वडाहरुले पशु पन्छीको लागि दाना पानीको आवश्यक प्रवन्ध गर्ने ।

छ२) काठमाडौं महानगरपालिकाका प्रमुख, उपप्रमुख र नगर कार्यपालिका सदस्यहरुले प्रयोग गर्ने काठमाडौं महानगरपालिकाको नाममा रहेको मोवाईल फोनको बिल बमोजिमको रकम भुक्तानी दिने ।

नगर कार्यपालिकाको निर्णयः-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

...............................

(राजेश्वर ज्ञवाली)

नि.प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७६/१२/१७

काठमाडौ महानगरपालिका नगर कार्यपालिकाको मिति २०७६।१२।१७ को विशेष बैठकको निर्णय नं. १(क) सँग सम्बन्धित

**काठमाण्डौ महानगरपालिका**

**......नं. वडा कार्यालय**

..................(स्थान)

## विदेश भ्रमण गरी वडामा बसोबास गर्दै आएका व्यक्तिको विवरण

| क्र.सं. | नाम थर | उमेर | पछिल्लो पटक भ्रमण गरेको मुलुक, शहर | नेपाल फर्कि आएको | | स्थायी ठेगाना | हाल बसोबास गरेको स्थान | राहदानी/ नागरिकता नं. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | मिति | उडान नं. | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |

नोटः विदेश भ्रमण गर्ने विवरण तयार गर्दा आधार दिन मार्च १, २०२० लाई लिनुपर्नेछ।

**विवरण संकलन गर्ने** :
नाम थर :.........
पद : ........
हस्ताक्षर : ........

**रुजु गर्ने** :
नाम थर : ......
पद : .........
हस्ताक्षर : .....

**प्रमाणित गर्ने**
नाम थर :.......
पद :.........
हस्ताक्षर :.......

# काठमाडौं महानगरपालिका

## कोरोना भाइरस (COVID-19) सम्बन्धी राहत वितरण मापदण्ड, २०७६

प्रस्तावनाः  कोरोना भाइरसको संक्रमणलाई फैलन नदिन र यसको रोकथाम र नियन्त्रण गर्न सरकारले जारी गरेको लक डाउनबाट अत्यावश्यक सेवा वाहेक सबै सेवा वन्द गरेको, मानिसहरुलाई घर बाहिर निस्कन रोक लगाएकोले काठमाडौं महानगरपालिकामा बसोबास गर्दै आएका असाहय, अति विपन्न र दैनिक ज्यालादारी गर्ने व्यक्तिहरुको पहिचान गरी उनीहरुलाई तत्काल राहत उपलब्ध गराउन काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको मिति २०७६।१२।१७ को बैठकले प्रस्तुत मापदण्ड तयार गरी लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "काठमाडौं महानगरपालिका कोरोना भाइरस (COVID-19) सम्बन्धी राहत वितरण मापदण्ड, २०७६" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

२.परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) **असहाय** भन्नाले अभिभावक नभएका, आफ्नो आयश्रोत तथा जायजात नभएका, अरुको सहयोग एवं सहारामा बस्दै आएका व्यक्तिलाई जनाउँछ  र यस शब्दले महानगरपालिका क्षेत्रमा सञ्चालित विभिन्न अनाथ आश्रम, बृद्धाश्रम, संरक्षण गृह, मन्दिर, गुम्बा, मस्जिद आदिमा आश्रित भएका व्यक्तिलाई समेत सम्झनुपर्दछ ।

(ख) **अति विपन्न** भन्नाले आम्दानीको कुनै स्थायी श्रोत नभएका, दैनिक जीवन गुजारा गर्न धौ धौ पर्ने सम्बन्धित वडाले अति विपन्न हो भनी प्रमाणित गरेका व्यक्ति र परिवार समेतलाई जनाउँछ ।

(ग) **दैनिक ज्यालादारीमा काम गर्ने व्यक्ति** भन्नाले संगठिन संस्थामा काम गर्ने बाहेक काठमाडौं महानगरमा विगत देखि दैनिक रुपमा ज्याला मजदुरी गर्दै आएका, भरिया लगायतलाई दैनिक ज्यालादारीमा काम गर्ने कामदार तथा मजदुरलाई जनाउँछ ।

(घ) **राहत** भन्नाले यस मापदण्ड बमोजिम असाह्य, अति विपन्न र दैनिक ज्यालादारीमा काम गर्ने व्यक्तिलाई उपलब्ध गराउने खाद्य पदार्थ, खाद्य सामाग्री र आर्थिक सहयोगलाई जनाउँछ ।

(ङ) **महानगरपालिका** भन्नाले काठमाडौं महानगरपालिका, नगर कार्यापालिकाको कार्यालयलाई जनाउँछ ।

(च) **वडा** भन्नाले महानगरपालिका अन्तर्गतको वडा समितिलाई जनाउँछ र यस शब्दले वडा कार्यालयलाई समेत सम्झनुपर्दछ ।

**२. विवरण संकलन गर्ने:** (१) वडाले आफ्नो क्षेत्रभित्रको असहाय, अति विपन्न र दैनिक ज्यालादारीमा काम गर्ने व्यक्तिको अनुसूची-१ बमोजिमको ढाँचामा विवरण संकलन गर्नु पर्नेछ ।

(२) माथि उपदफा (१) बमोजिमको विवरण संकलन गर्न वडाले वडाका पदाधिकारी एवं कर्मचारीलाई जिम्मेवारी तोक्न सक्नेछ ।

**३. विवरण तयार गर्ने:** यस मापदण्ड बमोजिम राहत वितरण गर्ने प्रयोजनको लागि माथि दफा २ बमोजिम संकलित विवरण उपर वडा समितिले आवश्यक अध्ययन र छानविन गरी यस मापदण्ड बमोजिम असहाय, अति विपन्न र दैनिक ज्यालादारीमा काम गर्ने व्यक्तिहरुको विवरण तयार गर्नेछ ।

**४. राहत वितरण:** (१) यस मापदण्ड बमोजिम असहाय, अति विपन्न र दैनिक ज्यालादारीमा काम गर्ने व्यक्तिहरुको विवरणमा उल्लेखित व्यक्ति वा परिवारलाई अनुसूचि-२ बमोजिम खाद्य सामाग्रीहरुको एकीकृत प्याकेट बासस्थानमा नै पुर्‍याउने व्यवस्था वडाले मिलाउनु पर्नेछ ।

(२) यस दफा बमोजिम राहत वितरण गर्दा वडाले सम्बन्धित प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य, राष्ट्रिय स्तरका पार्टिका स्थानीय प्रतिनिधिहरु र प्रहरीसँग समन्वय गर्नेछ ।

(३) वडाले आवश्यक ठानेमा असहाय र अति विपन्न व्यक्तिलाई लक्षित गरी तयारी खाना, खाजा वितरणको व्यवस्था समेत गर्न सक्नेछ ।

**५. अन्य संस्थाको सहयोग परिचालन गर्न सक्ने:** कुनै धार्मिक, परोपकारी वा यस्तै उद्देश्य भएको संस्थाले असहाय, अति विपन्न र दैनिक ज्यालादारीमा काम गर्नै व्यक्तिलाई खाना, खाजा र यस्तै खाद्य पदार्थ एवं सामाग्री वितरण गर्न चाहेमा एकद्वार नीति बमोजिम यस मापदण्ड बमोजिमको राहत सामाग्रीहरुको प्याकेट बनाउन लगाई वडामार्फत मात्र वितरणको व्यवस्था मिलाउनु पर्नेछ ।

**६. खरिद व्यवस्था:** (१) यस मापदण्ड बमोजिम तोकिएको राहत सामाग्री खारिद लेखा संकेत नं. ८६०२०३, महामारी तथा अन्य रोग नियन्त्रण कार्यक्रम शीर्षकमा वडामा निकासा हुने बजेट रकमबाट खर्च गर्ने गरी गर्न सकिनेछ ।

(२) यस मापदण्ड बमोजिम राहत सामाग्री खरिद गर्दा प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ ।

**७. राहत वितरणको विवरण अद्यावधिक गर्ने र सार्वजनिक गर्ने:** (१) यस मापदण्ड बमोजिम वडाबाट वितरण गरिएको राहत सामाग्रीको विवरण भर्पाई सहित वडाले अद्यावधिक गरी सुरक्षित राख्नु पर्नेछ ।

(२) यस मापदण्ड बमोजिम वितरण गरिएको राहतको विवरण दैनिक रुपमा सार्वजनिक गरी सो को दैनिक विवरण वडाले प्रमुखसमक्ष उपलब्ध गराउनु पर्नेछ ।

अनुसूचि १

(मापदण्डको दफा २ सँग सम्बन्धित)

**काठमाण्डौ महानगरपालिका कार्यालय**
**……नं. वडा कार्यालय**

**असहाय, अति विपन्न तथा दैनिक ज्यालादारीमा काम गर्ने व्यक्तिको विवरण**

१.नाम थरः- ……………………………….
२.स्थायी ठेगानाः- ……………………………….
३.अस्थायी ठेगानाः- ……………………………….
४.घरधनीको नाम थरः- …………………………..

५.कार्यरत क्षेत्रः- …………………………………..
६.परिवार संख्याः- ……………………………..

| क.सं. | नाम थर | नगरिकता /परिचयपत्र नं., साल र जारी जिल्ला | नाता | उमेर | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |

**निवदेक**

**विवरण प्रमाणित गर्ने वडा अध्यक्ष/सदस्य**

नाम थरः- ………………………… नाम थरः- ……………….

हस्ताक्षरः- ………………………….. हस्ताक्षरः- …………………………..

मोवाइल नं.ः- ………………………….. मोवाइल नं.ः- …………………………..

अनुसूचि २

(मापदण्डको दफा ४ सँग सम्बन्धित)

## राहत सामाग्रीको विवरण

**(क) एक व्यक्ति (एक हप्ता)**

| क.सं. | सामाग्रीको विवरण | परिणाम | लागत रु.मा | कफियत |
|---|---|---|---|---|
| १. | चामल | ४ किलो | | |
| २. | दाल | १ किलो | | |
| ३. | तेल | आधा लिटर | | |
| ४. | नुन | १ किलो | | |
| ५. | तरकारी (आलु, प्याज) | १ किलो | | |
| ६. | च्युरा | आघा किलो | | |
| | **जम्मा** | | | |

**(ख) दुई देखि चार जनासम्म सदस्य भएको परिवार (एक हप्ता)**

| क.सं. | सामाग्रीको विवरण | परिणाम | लागत रु.मा | कफियत |
|---|---|---|---|---|
| १. | चामल | १२ किलो | | |
| २. | दाल | २ किलो | | |
| ३. | तेल | आधा लिटर | | |
| ४. | नुन | १ किलो | | |
| ५. | तरकारी (आलु, प्याज) | ३ किलो | | |
| ६. | च्युरा | २ किलो | | |
| | **जम्मा** | | | |

**(ग) पाँच वा सो भन्दा माथि सदस्य भएको परिवार (एक हप्ता)**

| क.सं. | सामाग्रीको विवरण | परिणाम | लागत रु.मा | कफियत |
|---|---|---|---|---|
| १. | चामल | १६ किलो | | |
| २. | दाल | ३ किलो | | |
| ३. | तेल | १ लिटर | | |
| ४. | नुन | १ किलो | | |
| ५. | तरकारी (आलु, प्याज) | ४ किलो | | |
| ६. | च्युरा | ३ किलो | | |
| | **जम्मा** | | | |